**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०४** **संख्याः ०३** **मितिः २०८०/११/२९**

**भाग–१**
**गुराँस गाउँपालिका**

## जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

गाउँसभामा पेश मिति २०८०/१०/१५
गाउँसभाबाट पारित मिति २०८०/११/११
प्रमाणीकरण मिति २०८०/११/२७

**प्रस्तावनाः** गुराँस गाउँपालिका क्षेत्र भित्रको नदी, ताल, पोखरी तलैया, जलचर, तथा जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर तथा जलीय जैविक विविधताको दिगो उपयोग गर्न, जलचर तथा जलीय जैविक विविधतामा आश्रित समुदाय बीचको आध्यात्मीक तथा साँस्कृतिक अन्तर-सम्बन्ध र अन्तर-निर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनको प्रबर्द्धन र व्यवस्थापन गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६, जलचर संरक्षण ऐन २०१७ को दफा ५ (ग) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गुराँस गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गुराँस गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्फोटक पदार्थ तथा महाजाल, करेन्टजाल, चौंदीजाल र झरेल, पासो, बल्छी, साधारणजाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, तिर कोच्ने, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गुराँस गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ग) "कार्यसमिति" भन्नाले दफा २४ बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समुहको दफा २८ बमोजिमको कार्यसमिति सम्झनु पर्छ ।

(घ) "कोष" भन्नाले दफा ३० बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहको कोष सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ ।

(च) "जलचर" भन्नाले नदीनाला, खोला वा तालतलैया, पोखरी, प्राकृतिक वा कृत्रिम जलाशय, नहर, कुलो,मुल र तिनीहरुको स्रोत तथा मत्स्यपालनका लागि जडान भएको पिंजडा (केज) तथा जलचर ह्याचरीभित्र बस्ने घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, ओत र अन्य जलीय स्तनधारी जीव,तथा जलमा आश्रित पंक्षी लगायत अन्य जलचर तथा जुनसुकै जीव सम्झनु पर्छ ।

(छ) "जलचरमा आश्रित समुदाय" भन्नाले नदीनाला, खोला, ताल, तलैयामा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय सम्झनु पर्छ ।

(ज) "जलीयजीव" भन्नाले नदीनाला, खोला, ताल वा पोखरीभित्र बस्ने घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, ओत र अन्य जलीय स्तनधारी जीव, लगायत अन्य जलचर तथा जुनसुकै जीव सम्झनु पर्छ ।







(झ) "जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउन, पक्रन, मार्न वा संकलन गर्ने कार्य सम्झनुपर्छ ।

(ञ) "जलीय जैविक विविधता" भन्नाले नदी, खोला, र तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शब्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातिय वा प्रजातिय वा प्रजातिगत (स्पेसिस डाइभर्सिटी) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ट) "ताल" भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्यपालनका लागि जडान भएको पिंजडा (केज) तथा माछापालन गरेको धान खेत समेत सम्झनु पर्छ ।

(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "दिगो उपयोग" भन्नाले जलचर तथा जलीय जैविक विविधता र जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालिन रुपमा संचिति कायम गर्न सक्ने सीमाभित्र रहनेगरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ढ) "नदी" भन्नाले नदी, खोला, नाला, खहरे, नहर, कुलो,मुल र तिनीहरुको स्रोत तथा मत्स्य पालनकालागि जडान भएको पिंजडा (केज) समेत सम्झनु पर्छ ।

(ण) "परिषद" भन्नाले दफा १६ बमोजिमको जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुराँस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(थ) "मत्स्यभर्‍याङ (फिस ल्याडर)" भन्नाले जलचरको आवागमनको लागि नदी, खोला, वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(द) "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुन त्यस्तो प्रजाति जुन स्थान विषेश वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाति

नभई, तिब्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वा गुणको कारणले आफनो प्राकृतिक बिगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिकीय प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाती सम्झनु पर्छ ।

(ध) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग र माछा तथा अन्य जलचरको विक्रि वितरण, पर्यापर्यटन जस्ता माध्यमबाट सामुदायिक जलचर संरक्षण समूहले आर्जन वा प्राप्त गरेको लाभको आफ्नो समूहका महिला, दलित, आदिवासी जनजाति तथा विपन्न सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(न) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(प) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(फ) "समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ब) "सभा" भन्नाले गुराँस गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(भ) "समूह" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सो बाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २४ बमोजिम दर्ता भएको सामुदायिक जलचर संरक्षणसमूह सम्झनु पर्छ ।

(म) "सामुदायिक नदी" भन्नाले सामुहिक हितको लागि नदी, खोला वा नालाको विकास, संरक्षण र दिगो उपयोग तथा सो बाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २४ बमोजिम समुदायलाई गुराँस गाउँपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको नदी, खोला वा नाला सम्झनु पर्छ ।

(य) "सामुदायिक ताल" भन्नाले सामुहिक हितको लागिताल, तलैया, पोखरी, वा दहको विकास, संरक्षण र उपयोग तथा सो बाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २४ बमोजिम समुदायलाई सुम्पिएको वा हस्तान्तरण गरिएको ताल, तलैया, पोखरी, दह र सिमसार सम्झनु पर्छ ।







(र) "संरक्षण क्षेत्र" भन्नाले कार्यपालिकाले दफा १९ बमोजिम जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलचर वा जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, जलीय जैविक विविधताको वास स्थानको संरक्षण वा संकटापन्न प्रजातिहरुको जनसंख्या र पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलीय स्थलहरु भएको गाउँपालिकाभित्रको कुनै त्यस्तो नदी वा खोलाको सम्पूर्ण वा केही भाग वा कुनैपोखरी,ताल, वा सिमसार क्षेत्र जसलाई कार्यपालिकाले जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र भनी तोकेको वा कायम गरेको क्षेत्र सम्झनु पर्छ ।

## परिच्छेद-२

## जलचर संरक्षण सम्बन्धी व्यवस्था

**३. जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने:** (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले नदी वा तालमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा रसायिनिक किटनाशक औषधि लगायत कुनैपनि किसिमको विषालु पदार्थको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले कर्णाली नदिमा जालको प्रयोग गर्दा जालको आँखा (घर) को आकार (साइज) बाह्र दशमलव दुई पाँच सेन्टिमिटर (एक सय पचिस मिलिमिटर) भन्दाठूलो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा सानो प्वाल भएको जाल, चेउँदी (चौंदी), जाल, माहाजाल, तथा करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुंदैन ।

(३) लोहोरे खोला वा ताल तलैयामा जलचर समाउने वा मार्ने अभिप्रायले समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) दुई सेन्टिमिटर (बीस मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र तीन सेन्टिमिटर (तीस मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, चौथींजाल (महाजाल) तथा करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गर्न हुँदैन ।

(४) पराजुली, रती, हनेटी, पिरे, झुँज, उगाडा, पिलाडि, ठुलोकाले, पातल, मैना तथा गर्चेखोला जस्ता खोलामा जलचर समाउने वा मार्ने अभिप्रायले समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार

(साइज) एक दशमलव पाँच सेन्टिमिटर (प्रन्ध मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र दुई सेन्टिमिटर (बिस मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, चौथींजाल (महाजाल) तथा करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गर्न हुदैन ।

(५) उपदफा (२),(३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि लोहोरे, पराजुली, पातले, रती, हनेटी, पिरे, झुँज, उगाडा, पिलाडि, ठुलो काले, पातल, मैना तथा गर्चेखोला जस्ता खोला र कर्णाली नदी तथा ताल तलैयामा सरेल (झरेल), चौथींजाल, महाजाल, तिहारी जालर करेण्ट जाल (गिल नेट), जिरो वा सुन्य आँखा वा प्वाल वा जाल वा मच्छर झुलको प्रयोग गरी माछा समाउन वा मार्न हुदैन ।

(६) जलचर समाउनका लागि दुवाली बुज्ने, थुन्ने वा फर्काउने, टिप थाप्ने, घन हान्ने वा डोजर, एक्साभेटर जस्ता उत्खनन् गर्ने मेसिनको प्रयोग गरी नदिको धार फर्काउने जस्ता तरीका, माध्यम वा औजार प्रयोग गर्न तथा रात्रीको समयमा माछा वा जलचर समाउन, पक्रन वा मार्न हुदैन ।

**४. पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्धः** कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आँखाको साइज दुई दशमलव पाँच सेन्टिमिटर (पचिस मिलिमिटर) भन्दा सानो प्वाँल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठूलो आँखा (घर) को साइज भएको जाल, चौंदीजाल, महाजाल र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्न वा गराउन पाईने छैन ।

**५. मत्स्य भऱ्याङ, जलचर ह्याचरी निर्माण गर्नु पर्ने** : (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने संगठित संस्था वा निकायले जलचरको आवागमनमा बाधा पर्न नदीनको लागि मत्स्य भऱ्याङ (फिस ल्याडर) निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।







(३) उपदफा (१) बमोजिमको मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिमको निर्माण कार्य सुरु गर्नु अघी कार्यपालिकालाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

**६. वातावरणीय वहाव कायम गर्नु पर्ने** : (१) दफा ५ बमोजिमको बाँध कर्णाली नदीमा निर्माण वा सञ्चालन गर्ने संगठित संस्था वा निकायले कर्णाली नदीको तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खायाममा कर्णाली नदिको प्रवाहाको कम्तीमा पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) तल्लो तटमा छाडेर वा निस्कासन गरेर न्यूनतम वातावरणीय वहाव सुनिश्चित गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि लोहोरे, पराजुली, पातले तथा रती,हटेरी, पिरे, झुँज, उगाडा, पिलाडी, ठुलो, काले, पातल, मैना तथा गर्चे खोला जस्ता खोलानालामा बाँध निर्माण वा सञ्चालन गर्ने संगठित संस्था वा निकाय लोहोरे, पराजुली, पातले तथा रतीहटेरी, पिरे, झुँज, उगाडा, पिलाडी, ठुलो, काले, पातल, मैना तथा गर्चे खोला जस्ता खोला नालाको तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खायाममा त्यस्ता खोला वा सहायक खोलाको प्रवाहको कम्तीमा तीस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ ।

**७. मत्स्य भऱ्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुनेः** अधिकार प्राप्त व्यक्तिबाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा राखिएका मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

**८. नदी र ताल प्रदुषित गराउन नपाइने** : (१) कुनै व्यक्ति, संगठित संस्था, गाउँपालिका वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम उत्पादन वा निष्कासन गर्नु पर्नेछ र फोहरबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएर (लिचेट) जानसक्ने गरी वा ढल नदी वा तालमा चुहावट वा उत्सर्ज नगरी नदी वा ताल प्रदूषित गर्न गराउन हुँदैन ।

(२) कुनै व्यक्ति, संगठित संस्था वा निकायले नदि, वा तालमा कुनै किसिमको कार, जिप, वस, डोजर, जेसिवी, ट्रक, ट्याक्टर जस्ता सवारी साधनबाट निस्कने डिजेल, पेट्रोल, ग्रीज, मोविल जस्ता पदार्थ नदिमा फाल्न, विर्सजन वा निस्कासन गर्न वा गराउन हुँदैन ।

(३) पिकनिक स्थल, होटेल, पार्टी प्लेस आदी जस्ता कार्य वा ब्यबसाय नदी वा ताल वरीपरी गाउँपालिकाले तोकेको क्षेत्र बाहेक अन्य ठाँउमा गर्न वा गराउन हुँदैन र नदी वा ताल वरीपरी पिकनिक स्थल, होटल, पार्टी पैलेस जस्ता कार्य वा व्यवसाय गरी नदी वा ताल प्रदूषित गर्न वा गराउन हुँदैन ।

(४) डम्पिङ साइट निर्माण गर्दा ताल वा नदीको किनारा भन्दा कम्तीमा तिनहजार मिटरको दुरीमा निर्माण गर्नु पर्नेछ ।

**९. कार्यपालिकाले आदेश जारी गर्न सक्ने**: (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमका आदेश जारी गर्न सक्नेछ :-

(क) तोकिएका स्थान, याम, ऋतु, महिना वा नदी वा तालमा कार्यपालिकाको अनुमती विना कुनै पनि व्यक्ति, संगठित संस्था, गाउँपालिका वा निकायले जलचर समात्न,मार्न तथा चोट पुऱ्याउन, वा जलीय वनस्पति र जलीय जैविक विविधतामा संकलन गर्न प्रतिबन्ध लगाउन,

(ख) माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदी वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, मार्ने, संकलन गर्ने वा क्षति हुन सक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन,

(ग) माछाले फुलपार्ने महिनामा नदीको पुरै वा आंशिक भाग वा तालमा माछा र अन्य जलचर समात्ने, मार्ने, संकलन गर्ने वा क्षति हुनसक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन,







(घ) कुनै ताल वा नदी खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा तथा कायम गर्न,

(ङ) जलचर रैथाने प्रजातिलाई संरक्षण प्रर्वद्धन, विकास तथा बृद्धि गर्न निश्चित अवधिको लागि उपयोगमा प्रतिवन्ध लगाउने ।

(च) कुनै खास प्रजाति वा महत्वका जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति तोक्न सक्ने र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, जलीय वनस्पति, माछा र अन्यजलचर समात्न, मार्न तथा चोट पुऱ्याउन वा क्षति हुनसक्ने कुनै पनि क्रियाकलाप गर्न निषेध गर्न ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम दिएको आदेशको पालना गर्नु प्रत्येक व्यक्ति, समूह, निकाय लगायत गाँउपालिका र कानून कार्यान्वयन गर्ने निकायको कर्तव्य हुनेछ ।

**१०. नागरिकको कर्तव्य तथा अधिकार**: (१) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नका लागि प्रत्येक व्यक्ति, समूह, संगठित संस्था, गाँउपालिका र निकायको देहाय बमोजिमको कर्तव्य हुनेछ :-

(क) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण गर्नु,

(ख) जलचर, जलीय जैविक विविधताका अवयव, जलीय वनस्पति, जलीय पंक्षी वा तिनको वासस्थानको संरक्षण गर्नु र क्षति नपुऱ्याउनु,

(ग) नदी वा तालमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर निष्कासन वा बिसर्जन हुन नदिनु,

(घ) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, लगायत अन्य जलचर र जलीय वनस्पतिको बिशेष सुरक्षा, संरक्षण तथा सम्बर्द्धन गर्नु,

(ङ) माछाले अण्डा पार्ने याममा तथा गर्भवती स्तनधारी जलचर र साना माछालाई हानी नोक्शानी नपुऱ्याउने, र

(च) नदी वा तालमा फोहोरको विर्सजन, फोहरबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएर (लिचेट) जानसक्ने गरी वा ढल नदी वा तालमा उत्सर्जन नगरी नदी र ताल प्रदुषित हुनबाट बचाउनु ।

(२) नेपाली नागरिकलाई यस ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावली र यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेशको अधिनमा रही जलचर समात्न वा मार्न र जलीय जैविक विविधताका अवयवहरुको दिगो उपयोग गर्ने अधिकार हुनेछ ।

**११. माछा लगायत जलचरको तथ्यांक राख्ने:** (१) कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्रको नदी, खोलानाला, ताल तलैयामा पाईने जलीय स्तनधारी जीव, घस्रने प्राणी, लगायत अन्य जलचरको विशेषज्ञ मार्फत स्थानिय जानिफकार समेतको संलग्नतामा सर्वेक्षण गराई लगत अभिलेख आफ्नो कार्यालयमा राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले राख्ने लगत कार्यपालिकाले प्रत्येक तिन बर्षमा अद्यावधिक गर्नु पर्नेछ ।

**१२. स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने:** यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई गाउँपालिकाको क्षेत्र भित्रको नदी, खोला वा ताल, र पोखरीमा कुनै किसिमको हकवा सहुलियत प्राप्त हुने छैन ।

**१३. हक हस्तान्तरण गर्न नहुने:** कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा गाउँपालिकाबाट आफूले पाएको अनुमति, हक, छुट, सुविधा, सहुलियत, पट्टा वा पूर्जी अरु कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुदैन ।

## परिच्छेद-३

## व्यवस्थापन समिति, समन्वय परिषद् तथा संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

**१४. कार्यपालिकाले व्यवस्थापन समिति गठन गर्न सक्ने:** (१) जलचर, जलीय जैविक विविधताको संरक्षण, र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी विषयमा कार्यपालिकालाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन तथा गुराँस गाँउपालिका, आठबिस नगरपालिका, दुल्लु नगरपालिका, डुङ्गेश्वर गाँउपालिका, चामुण्डाविन्द्रासैनी नगरपालिका र अछाम जिल्लाको तुर्माखाद गाँउपालिका क्षेत्र भित्रको जलीय जैविक विविधता र सो क्षेत्रको सामुहिक व्यवस्थापन गर्न सो क्षेत्रभित्र अवस्थित स्थानीयतह तथा निकायहरु







बीच समन्वय र सहकार्य समेत गर्नको लागि गाउँपालिकाले जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा गाउँपालिका अध्यक्षको अध्यक्षतामा गठन गर्नुपर्ने र सो समितिमा गाउँपालिकाको उपाध्यक्ष नदी वा खोला रहेको क्षेत्रका वडा अध्यक्ष, स्थानीय बुद्धिजिवी, महिला, युवा, आदिवासी जनजाति,र दलित तथा निजि क्षेत्र र समूहको प्रतिनिधि समेत रहने गरी कम्तिमा तेह्र सदस्सीय समिति गठन गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले समितिको सदस्य सचिवको कार्य गर्नेछ ।

(३) समितिले आवश्यक देखेमा जलचर तथा जलीय जैविक विविधता संरक्षण क्षेत्रमा कार्यरत तथा अनुभव प्राप्त संघ संस्था वा विषय विज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको अध्यक्ष तथा सदस्यको पदावधि पाँच बर्षको हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी र अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(६) समितिको काम, कर्तव्य र अधिकार गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**१५. उप-समिति गठन गर्न सक्ने:** (१) समितिले यस ऐन अन्तरगतको आफ्नो काम, कर्तव्य दक्ष्यता पूर्वक समाधान गर्न वडा स्तरमा आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

(२) उप-समितिका सदस्यहरुको नियुक्ति, उप-समितिको बैठक तथा अन्य विषयबस्तु हरु कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**१६. कार्यपालिकाले समन्वय परिषदगठन गर्न सक्ने :** (१) दैलेख जिल्लाको गुराँस गाँउपालिका, आठबिस नगरपालिका, दुल्लु नगरपालिका, डुङ्गेश्वर गाँउपालिका, चामुण्डाविन्द्रासैनी नगरपालिका र अछाम जिल्लाको तुर्माखाद गाँउपालिका क्षेत्रभित्र जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धमा सो क्षेत्रभित्र अवस्थित अछाम जिल्लाको तुर्माखाँद गाँउपालिका र दैलेख जिल्ला गुराँस गाउँपालिका, आठबिस नगरपालिका, दुल्लु नगरपालिका, तथा चामुण्डाविन्द्रासैनी नगरपालिका तथा अन्य स्थानीय तह र निकायहरुका वीचमा समन्वय र सहकार्य गर्न, संयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न गाउँपालिकाले

उपरोक्त स्थानीय तहहरुसँग समन्वय गरी जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद् गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद गठन गर्दा उपरोक्त क्षेत्र भित्रका स्थानीय तहहरु मध्येबाट वर्णानुक्रम बमोजिम आलोपालो गरी सम्बन्धित स्थानीय तहका प्रमुख वा अध्यक्षको संयोजकत्वमा एक परिषद गठन गर्नुपर्नेछ। सो परिषदमा गाँउपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुख, नदी वा खोला रहेको क्षेत्रका वडा अध्यक्ष, स्थानीय बुद्धिजीवी, समाजसेबी र महिला, दलित तथा आदिवासी जनजाति, नीजि क्षेत्र र समूह समेतको प्रतिनिधित्व रहने गरी बढीमा १७ सदस्यीय समन्वय परिषद् गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने परिषद्को संयोजकको पदावधि एक बर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठन गरिने परिषद्को बैठक सम्बन्धी र अन्य व्यवस्था परिषद्ले निर्धारण गरे वमोजिम हुनेछ ।

**१७. जलचर तथा जलीय जैविक विविधता समन्वय परिषद्को काम, कर्तब्य र अधिकारः** (१) दफा १६ उपदफा (१) दिएको अधिकारको सर्व सामान्यतामा सहमतीमा कुनै पनि प्रतिकूल प्रभाव नपर्ने गरि परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अछाम जिल्लाको तुर्माखाद गाँउपालिका, तथा दैलेख जिल्लाको गुराँस गाँउपालिका, दुल्लु नगरपालिका, डुङ्गेश्वर गाँउपालिका, आठबिस नगरपालिका, दुल्लु नगरपालिका, चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभित्र जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी नीति तथा योजना तथा कार्यक्रम उपरोक्त स्थानीय तहहरुले संयुक्त रुपमा तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी नीति योजना नीति, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिता मुलप्रबाहीकरण गर्ने गराउने,





जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकुल परिमार्जन, संशोधन गर्ने,

(घ) सम्बन्धित स्थानीय तहको लागि जलचर, जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धी आवश्यक पर्ने नीति, योजना तथा कार्यक्रमको मस्यौदा तयार गर्ने, गराउने,

(ङ) स्थानीय तहले जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धमा तर्जुमा गरेको नीति, योजना तथा कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) उपरोक्त स्थानीय तहहरु अवस्थित जलाधार, उप-जलाधार वा सम्बन्धित स्थानीय तहको कुनै निश्चित क्षेत्रको प्राकृतिक, जलीय जैविक विविधताको संरक्षण वा जलचक्रलाई समेत संरक्षण तथा सम्बर्द्धन गर्ने जलाधार र उप जलाधार स्तरीय कार्यक्रमको संयुक्त रुपमा तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(छ) उपरोक्त स्थानीय तहहरुको क्षेत्रभित्र जलाधार, उप-जलाधार वा सम्बन्धित स्थानीय तहको कुनै निश्चित क्षेत्रको नदी वा तालमा जलचर तथा जलीय जैविक विविधता को संचती (स्टक) लाई कम हुन नदिन वा कुनै प्रजातिको जलचर लोप हुनसक्ने भएमा त्यस्ता प्रजतिको संचती कायम गर्न त्यसता रैथाने जातका जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गरी रैथाने प्रजातिको भुरा नदी वा तालमा छाड्ने व्यवस्था गर्नका लागि जलाधार र उपजलाधार स्तरीय कार्यक्रमको संयुक्त रुपमा तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(ज) उपरोक्त स्थानीय तहहरुले जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धमा संयुक्त रुपमा तर्जुमा गरेको नीति, योजना तथा कार्यक्रम कुनै स्थानीय तहले उत्कृष्ठ रुपमा कार्यान्वयन गरी विशेष उपलब्धी गरेमा सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,

(झ) अन्तर सरकारी समन्वय र सहकार्यलाई प्रबर्द्धन गर्न सहजिकरण गर्नुका साथै मादी नदी प्रणाली, जैविकमार्ग वा कोरिडोर संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित स्थानीय तहहरुबिच छलफल गरी आवश्यक कार्य गर्ने,

(ञ) जलाधार स्तरीय समस्याको पहिचान गरी त्यसको सम्बोधन गर्ने साझा रण्ननीति तय गर्ने,

(ट) विभिन्न विकास साझेदारसँग समन्वय गरी स्थनीय तहहरुले संयुक्त रुपमा तर्जूमा गरेको नीति, योजना वा कार्यक्रमको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने, र

(ठ) परिषद्ले तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**१८. जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन योजना तर्जुमा गर्न सक्ने:** जलचर तथा जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग, सोबाट प्राप्त लाभको समन्यायिक वितरण र जलीय जैविक विविधता स्वस्थ अवस्थामा भावी पुस्तालाई हस्तान्तरण सुनिश्चित गर्नका लागि कार्यपालिकाले जलचर तथा जलीय जैविक विविधता व्यवस्थापन योजना तर्जुमा गरी सो योजना र सोको कार्यान्वयनका लागि आवश्यक बजेट समेत गाँउसभाबाट पारित गराइ कार्यान्वयन गर्नु पर्नेछ ।

**१९. जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र तोक्न सक्ने** : (१) जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, महत्वपूर्ण प्रजातिका जलचर, जलीय वनस्पति, त्यस्ता प्रजाति वा आनुवाशिंक स्रोत विद्यमान भएको क्षेत्र, जलीय जैविक विविधताको वा संस्थानको संरक्षण वा संकटापन्न प्रजातिहरुको जनसंख्या र पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलीय स्थलहरु भएको गाउँपालिका क्षेत्र भित्रको कुनै नदी वा खोलाको सम्पूर्ण वा केही भाग वा कुनै पोखरी, ताल,वा सिमसार क्षेत्रलाई कार्यपालिकाले त्यसको चारकिल्ला समेत खुलाएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गरी जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र तोक्न वा कायम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले एकपटक घोषित गरिसकेको जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्रको स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी सिमाना हेरफेर वा परित्याग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्रको संरक्षण, विकास तथा व्यवस्थापन गर्नका लागि कार्यपालिकाले सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी यस ऐन तथा कार्यपालिकाले







तोकिदिएको शर्तहरु पालन गर्ने कबूलियतनामा गराई सुम्पन वा हस्तान्तरण गर्नु पर्नेछ ।

**२०. जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्रमा गर्न नहुने कार्य:** कुनै पनि व्यक्ति, संस्था वा निकायले संरक्षण क्षेत्रमा देहायको काम गर्न पाउने छैनः-

(क) जलचर र जलीय जैविक विविधताका अवयव संकलन गर्न,

(ख) संरक्षण क्षेत्रभित्र बग्ने नदी, खोला, ताल, दह वा पानीको कुनै स्रोत वा त्यस्ता नदी, खोलाका सहायक नदी, खोला थुन्न, फर्काउन वा त्यस्ता नदी वा तालमा कुनै हानिकारक वा विस्फोटक बस्तु वा पदार्थहरु प्रयोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) प्रारम्भिक वातावरणीय परीक्षण विना जिल्ला सडक,सहरी सडक, ग्रामीण सडक वा साना सहायक सडक निर्माण गर्न,

(ङ) रुख, विरुवा, झाडी काट्न, ढाल्न, हटाउन, छेक्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(च) जलीय जैविक विविधताका अवयव, जलचर, जलीय वनस्पति, जलीय जलचर, पंक्षी वा तिनको वासस्थानलाई क्षति पुऱ्याउन,

(छ) जलचर तथा जलीय जैविक विविधताका अवयव, जलीय वनस्पति, जलीय पंक्षीलाई समात्न, पक्रन, मार्न वा अन्य कुनै किसिमले क्षति पुऱ्याउन,

(ज) नदी वा तालमा विष, वा हातहतियार खरखजाना वा औजार लैजान वा प्रयोग गर्न,

(झ) ढुङ्गा, गिट्टी, बालुवा वा माटो निकाल्न, उत्खनन् गर्न वा ओसार पसार गर्न,

(ञ) जलचर तथा जलीय जैविक विविधतालाई हानी वा क्षति पुग्ने किसिमका योजना, परियोजना वा कार्यक्रम सञ्चालन गर्न,

(ट) कार्यपालिकाले तोकेका अन्य कार्यहरु ।

**२१. संरक्षण क्षेत्रमा सेवा सुविधाको संचालन:** (१) संरक्षण क्षेत्रको सुरक्षा र सर्वोपरि हितको निमित्त कार्यपालिकाले कार्यविधि तर्जुमा गरी उक्त कार्यबिधि बमोजिम

कुनै व्यक्ति वा निकायसंग करार गरी पर्यापर्यटनका लागि घरवास (होम स्टे), होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी घरवास, होटल, लज, जलीय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा सञ्चालन गर्दा जलचर एवं जलीय जैविक विविधतामा प्रतिकूल असर पर्ने गरी गर्नु हुदैन ।

(३) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्ति वा निकायले संरक्षण क्षेत्र भित्रकुनै पनि किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन ।

## परिच्छेद-४

## समुदायमा आधारित जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

**२२. ताल वा नदी समूहलाई हस्तान्तरण गर्नसक्ने :** (१) कार्यपालिकाले सामुदायिक जलचर संरक्षण समूहलाई विधान बमोजिम ताल वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा प्रचलित कानून बमोजिम संरक्षित प्रजातिहरु बाहेकका जलीय जैविक विविधताका विभिन्न अवयवहरु, शंखे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलीय वनस्पति र जलचर समात्न, मार्न वा संकलन, बिक्री वितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायिक वितरण गर्न पाउने गरी नदीको कुनै भाग वा कुनै ताल वा पोखरी सामुदायिक नदी वा तालको रुपमा समूहलाई सम्पन वा हस्तान्तरण गर्नसक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरुलाई परिचालन गरी तोकिए बमोजिम सामुदायिक जलचर संरक्षण समूह गठन गर्न विधान तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सामुदायिक नदी वा ताल सुम्पदा वा हस्तान्तरण गर्दा प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।





जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

(४) गाउँपालिका र वडा स्तरमा गठित अनुगमन समितिले उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको कम्तीमा चौमासिक रुपमा अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२३. सामुदायिक नदी र तालको निर्धारणः** (१) कार्यपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायिक नदी वा तालको रुपमा सम्पदा वा हस्तान्तरण गर्दा गाँउ वस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समूहहरुको चाहना, व्यवस्थापन क्षमता र परम्परागत उपभोग समेतलाई ध्यान दिनु पर्नेछ ।

(२) समूहको घरधुरी पहिचान गर्दा देहायका आधारहरुलाई मध्येनजर गरी गर्नु पर्नेछः

(क) सामुदायिक नदी वा तालको रुपमा हस्तान्तरण गरिने नदी क्षेत्र वा तालको जलचरमा आश्रित समुदाय

(ख) सामुदायिक नदी वा तालको रुपमा हस्तान्तरण गर्ने नदी क्षेत्र वा तालमा आश्रित घरधुरी,

(ग) नदीको उक्त क्षेत्र वा ताल परम्परागत रूपमा भोगचलन गर्दै आएका घरधुरी,

(घ) नदीको उक्त क्षेत्र वा ताल पायक पर्ने घरधुरी

(ङ) नदीको उक्त क्षेत्र वा तालको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी ।

**२४. सामुदायिक नदी वा ताल हस्तान्तरण र जलचर संरक्षण समूहको गठन तथा दर्ता प्रकृयाः** (१) कुनै नदी क्षेत्र वा ताललाई सामुदायिक नदी क्षेत्र वा तालको रुपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरुले कार्यपालिकाको कार्यालयमा वडा समितिको सिफारिस सहित लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान

तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । समूहको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा २५ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्न गाउँपालिकाका कर्मचारीललाई खटाउँदा नदीको सो क्षेत्र, भाग वा तालको कुनै समूह वा संस्थाले परम्परागत रुपमा संरक्षण वा व्यवस्थापन गरिरहेको छ भने त्यस्तो समूह वा संस्थालाई समेत समावेश गरी समूह गठन गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप नदी वा ताल सामुदायिक नदी वा तालका रुपमा समुदायलाई सुम्पिने वा हस्तान्तरण गरिने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहनेगरी एक समूह गठन गरी समूहको विधान सहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालयमा समूह दर्ता गराउन समूह भेला गराई उक्त भेलाको निर्णय तथा उक्त भेलामा उपस्थित प्रत्येक घरधुरीका एक एक व्यक्तिको सहिछाप सहित दरखास्त दिनु पर्नेछ । समूह भेलामा सम्बधित गाउँ वा समुदायको कम्तीमा ७५ प्रतिशत घरधुरीबाट एक एक जनाको प्रतिनिधित्व र उपस्थिति हुनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी, यस ऐन तथा कार्यपालिकाले तोकिदिएको शर्तहरु पालन गर्न कबूलियत नामा गराई अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

(७) प्रमुख प्रशासकीय अधिकृतले वडा समितिको सिफारिसमा उपदफा (१) देखि (६) बमोजिमको महिला प्रक्रिया पुरा गरि समूहलाई दर्ता गरी, यस ऐन तथा कार्यपालिकाले तोकिदिएको शर्तहरु पालन गर्ने कबूलियतनामा गराई अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

**२५. समूहको विधानमा समावेश गर्नु पर्ने कुराहरु:** समूहले देहायका कुराहरु समावेश गरी सामुदायिक जलचर संरक्षण समूहको विधान तयार गर्नु पर्नेछः

(क) समूहको नाम,ठेगाना,सिमाना, क्षेत्रफल, वार्ड नम्बर, नदी क्षेत्र वा तालको अवस्था र किसिम, समूहको उद्देश्य तथा कार्यहरु, सामुदायिक नदी क्षेत्र वा ताल व्यवस्थापनको उद्देश्य;







(ख) सामुदायिक नदी क्षेत्र वा तालको नक्सा, नदीको क्षेत्र वा भाग विभाजन र यसको विवरण, माछा लगायत अन्य जलचरको किसिम, मुख्य जात तथा प्रजाति, उपयोगी जात र प्रजाति, तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(ग) समूहलाई हस्तान्तरण हुने वा सुम्पिने सामुदायिक नदी क्षेत्र वा ताल क्षेत्र भित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरुको नाम,थर र वतन, पारिवारिक विवरण महिला, पुरुष संख्या,

(घ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर जलीय जैविक विविधताका विभिन्न अवयवहरु, जलीय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र सम्बर्द्धनका अन्यकार्यहरुको विवरण,

(ङ) ओत (ओद) तथा अन्य जलीय स्तनधारी जीव,घस्रने प्राणी, शंखे किरा, माछा,झिङ्गे माछा,लगायत अन्य जलचरको प्रजनन क्षेत्र,माछाका भुराहरु खेल्ने र हुर्कने ठाउँ,भाग,त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(च) माछाले अण्डापार्ने क्षेत्र लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुराहरु खेल्ने र हुर्कने ठाउँ, भाग, वा क्षेत्रमा माछाले अण्डापार्ने लगायत अन्य जलचरले प्रजनन गर्ने,माछाका भुराहरु खेल्ने र हुर्कने महिना तथा यामहरुमा माछा र अन्य जलचर समात्ने, मार्ने वा संकलन गर्ने कार्यमा प्रतिवन्ध लगाइ सो बमोजिम त्यस्ता ठाउँ, भाग, वा क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने गराउने कार्यहरुको विवरण,

(छ) प्रस्तावित सामुदायिक नदीक्षेत्र, गहीरो रह क्षेत्र, तालको कुनकुन क्षेत्रमा वर्ष भरि जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा,लगायत अन्य जलीय वनस्पति र जलचर समात्न वा मार्न प्रतिवन्ध लगाउने हो त्यस्ता क्षेत्रको विवरण,

(ज) दुर्लभ, संकटासन्न, र संकटापन्न प्रजातिका माछा तथा अन्य जलचरहरुको संरक्षण सम्बन्धी प्रावधान,

(झ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरको अदिगो रुपमा संकलन गर्ने कार्य र दोहन रोक्न तथा नियन्त्रण गर्न अपनाइने तरिकाहरुको विवरण,

(ञ) एक वर्षमा कुनकुन महिनामा र कुनकुन क्षेत्रमा प्रचलित कानूनले वा गाउँपालिकाले संरक्षित तोकेका प्रजातिहरु बाहेकका जलीय स्तनधारी जीव,घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचर संकलन गर्ने हो सो को विवरण,

सामुदायिक नदि क्षेत्र वा तालमा प्रदुषण हुन नदिई प्रदुषणको रोकथाम एवं नियन्त्रणका लागि अपनाउने तरिका तथा क्रियाकलापको विवरण,

(ट) सामुदायिक नदि क्षेत्र वा तालमा प्रदुषण हुन नदिई प्रदुषणको रोकथाम एवं नियन्त्रणका लागि अपनाउने तरिका तथा क्रियाकलापको विवरण,

(ठ) हेरालो सम्बन्धी व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैर कानूनी रुपमा संकलन, पक्रने वा मार्ने कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था,

(ड) माछा तथा अन्य जलचरको बिक्री वितरण,जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन सञ्चालन, समूहको सदस्य नभएका व्यक्तिबाट शुल्क लिई आफ्नो सामुदायिक नदि वा ताल क्षेत्रभित्र माछा समात्न वा मार्न दिए वापत प्राप्त रकम तथा अन्य स्रोतबाट प्राप्तहुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ढ) प्रस्तावित सामुदायिक नदी क्षेत्र वा तालमा समूहका महिला, एकल महिला, अपाङ्ग, दलित, यौनिक तथा लैङ्गिक अल्पसँख्यक, जेष्ठ नागरिक, राउटे, आदिवासी जनजाति र विपन्न घरधुरी सदस्यका लागि समन्यायिक पहुँच, दिगो उपयोग र लाभको समन्यायिक बाँडफाँड सम्बन्धी प्रावधान,

(ण) महिला, एकल महिला, दलित, आदिवासी जनजाति र विपन्न घर धुरीका सदस्यलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(त) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्यता समाप्ती सम्बन्धी व्यवस्था,

(थ) समूहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(द) साधारण सभा तथा विशेष साधारण सभाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(ध) कार्यसमितिको गठन, कार्यसमितिका प्रमुख पदहरुमा महिला, दलित, आदिवासी, जनजाति र विपन्न घरधुरीको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,







(न) कार्यसमितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार,

(प) कार्यसमितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(फ) सामूदायिक नदि वा ताल क्षेत्रभित्र यस ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावली विपरित कार्य गर्ने समूहका सदस्य तथा समूहको सदस्य नभएको व्यक्तिलाई हुने जरिवाना सम्बन्धी व्यवस्था,

(ब) विधान विपरित कामगर्ने समूहका सदस्यहरुलाई दिईने सजाय र समूहका सदस्यलाई सजाय दिँदा पूरा गर्नुपर्ने कार्यविधि,

(भ) कार्यपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

**२६. समूह संगठित संस्थाहुने** : (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैरनाफामूलक सामाजिक संस्था हुनेछ ।

(२) समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) समूहले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

**२७. सामाजिक समावेशीता तथा समन्याय कायम गर्नु पर्ने**: (१) समूहका साधारण सदस्यमा कम्तिमा एकाउन्न प्रतिशत महिला, एकल महिला, दलित, यौनिक तथा लैङ्गिक अल्पसँख्यक, जेष्ठनागरिक, राउटे, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका सदस्य हुनु पर्नेछ ।

(२) समूहको कार्यसमिति नौ सदस्यीय भएमा कार्य समितिका सदस्यमध्ये कम्तिमा पाँच सदस्य, कार्य समिति एघार सदस्यीय भएमा कार्य समितिका सदस्यमध्ये कम्तिमा छ सदस्य, कार्य समिति तेह्र सदस्यीय भएमा कार्य समितिका सदस्यमध्ये कम्तिमा सात सदस्य तथा कार्य समिति पन्ध्र सदस्यीय भएमा कार्य समितिका सदस्यमध्ये कम्तिमा नौ सदस्य लैङ्गिक समानता तथा सामाजिक समावेशी सिद्धान्तका आधारमा महिला, दलित वा आदिवासी जनजाति समुदायबाट हुनु पर्नेछ ।

(३) समूहको कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव, पदमध्ये कुनै तिन पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समूहको कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिव, पदमा निर्वाचन, मनोनयन, वा अन्य माध्यमद्वारा पदाधिकारीहरुको चयन गर्दा कोषाध्यक्ष पदमा महिलाको चयन गर्नु पर्नेछ ।

(५) समूहले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा जलचर र जलीय जैविक विविधताका विभिन्न अवयवहरुमा समन्यायिक पहुँच र लाभको समन्यायिक वितरण सुनिश्चित गर्नका लागि समूहका महिला, दलित, यौनिक तथा लैङ्गिक अल्पसँख्यक, जेष्ठनागरिक, राउटे, आदिवासी जनजाति, तथा विपन्न सदस्यलाई जलचर र जलीय जैविक विविधताका विभिन्न अवयवहरुमा अन्य सदस्यभन्दा कम्तीमा पचास प्रतिशतभन्दा बढी पहुँच दिनुपर्नेछ ।

***स्पष्टीकरण:*** उपदफा (४) को प्रयोजनको लागि "समन्यायिक पहुँच" भन्नाले समूहका सदस्यहरुलाई एक हप्तामा दुईदिन माछा समात्न वा मार्न दिने हो भने महिला, एकल महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न सदस्यलाई एकहप्तामा तिनदिन माछा संकलन गर्न वा मार्न दिने वा नगर्दा वा श्रम योगदान गर्न पर्दा पनि आंशिक मिनाहा दिने जस्ता उपाय सम्झनु पर्छ ।

**२८. समूहको कार्य समितिको गठन** : (१) समूहको कार्य समिति कम्तिमा सात र बढीमा पन्ध्र सदस्यीय हुनेछ र कार्य समिति गठन गर्दा समूहको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र लैगिंक समानता तथा सामाजिक समावेशीकरणका साथै समूहको सेवा क्षेत्र भित्रका विभिन्न भौगोलिक क्षेत्रहरु र जनघनत्वको प्रतिनिधित्वलाई समेत ध्यानदिनु पर्नेछ ।

(२) समूहको कार्य समितिको कार्यकाल तीन वर्षको हुनेछ ।

(३) कार्य समितिका पदाधिकारी तथा सदस्य दुई कार्यकाल पछि निरन्तर एकै पदमा बहाल रहन पाउने छैनन् ।

(४) कार्य समितिको गठन वा विघटन समूहको साधारण सभाले मात्र गर्न सक्नेछ ।

(५) समूहको प्रत्येक वर्ष साधारणसभा आयोजना गरी समूहको वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नु पर्नेछ ।





जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

**२९. प्रतिवेदन दिनुपर्ने**: (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आर्थिक विवरण तथा सम्बन्धित समूहलाई सुम्पिएको वा हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको स्थिति समेत खुलाई समूहले आफ्नो क्रियाकलापको साधारण सभाबाट पारित वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्ययोजना गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र कार्ययोजनाको आधारमा गाउँपालिकाले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

**३०. समूहको कोष**: (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सदस्यता शुल्कबाट प्राप्त रकम,

(ख) माछा तथा अन्य जलचरको बिक्री वितरण गर्दा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) जलचर र जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन कार्यक्रम संचालनबाट प्राप्त रकम,

(घ) संघ, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) कुनै नेपाली नागरिक, व्यक्ति वा संघ संस्थाबाट वा कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दानदातव्यको रकम वा पुरस्कार,

(च) यस ऐनको उलघंन भएको अवस्थामा गाउँपालिकाले गरेको जरिवानाबाट उठेको रकमको सत्तरी प्रतिशतका दरले प्राप्त रकम,

(छ) समूहले आफ्नो विधान उलङ्घन भएको अवस्थामा विधान बमोजिम गरेको जरिबानाबाट प्राप्त रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**३१. समूहको कोषको संचालन**: (१) समूहको कोषमा जम्मा भएको रकम बैंकमा समूहको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ र सो खाता कोषाध्यक्ष, अध्यक्ष तथा सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) समूहको कोषको ब्यवस्थापन, खाता संचालन तथा संस्थागत विकासका लागि गाउँपालिकाले तालिमको व्यवस्था गर्न सक्नेछ ।

(३) समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण समूहको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(४) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि साधारण सभाले लेखापरिक्षक तोक्दा कुनै लेखापरिक्षण कम्पनीलाई लगातार दुई आर्थिक बर्ष भन्दा बढी तोक्न पाउने छैन ।

(५) उपदफा (४) बमोजिमको लेखापरीक्षण समूहले आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(६) प्रमूख प्रशासकीय अधिकृत वा निजले खटाएको कर्मचारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

(७) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३२. सामुदायिक नदी वा तालको लगत राख्ने**: प्रमुख प्रसाशकीय अधिकृतले समूहलाई सामुदायिक नदी वा ताल हस्तान्तरण गरेपछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

**३३. समूहको पदाधिकारी, सदस्य तथा कर्मचारीका लागि तालिमको व्यवस्था गर्न सक्ने**: (१) गाउँपालिकाले समूहको संस्थागत विकास तथा सुदृढीकरणका लागि जलचर र जलीय जैविक विविधताको संरक्षणका प्राविधिक पक्ष, कार्य समितिको बैठक तथा माइन्युट खडा गर्ने, साधारण सभा र साधारण सभा संचालन प्रक्रिया, रेकर्ड किपिङ, नेतृत्व विकास, लेखा, कोषको व्यवस्थापन, खाता संचालन, लेखापरीक्षण जस्ता विषयवस्तुमा समूहको पधाधिकारी, कार्य समिति सदस्य तथा कर्मचारीका लागि तालिमको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विषयवस्तु तथा अन्य समसामयिक विषयवस्तुमा समूहको पधाधिकारी, कार्य समिति सदस्य तथा कर्मचारीका लागि गाउँपालिकाले पुनर्ताजगी तालिमको व्यवस्था गर्न सक्नेछ ।

**३४. स्वामित्व हस्तान्तरण नहुने**: यस ऐनको दफा २४ बमोजिम कुनै नदी क्षेत्र वा ताल गाउँपालिकाले समूहलाई सामुदायिक नदी वा तालको रुपमा व्यवस्थापन गर्न समूहलाई हस्तान्तरण गरेको कारणले मात्र नदी वा तालको स्वामित्व कुनै पनि समूहलाई हस्तान्तरण हुने छैन ।







**३५. सामुदायिक नदी वा तालमा गर्न नहुने काम**: (१) समूह लगायत कुनै ब्यक्ति, संगठीत संस्था वा गाउँपालिकाले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुदैन :-

(क) नदी वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायिक नदी वा तालले चर्चेको जग्गा धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) यस ऐन तथा जलचर संरक्षण ऐन, २०१७ विपरित जलचर पक्रन वा मार्न वा अन्य कार्य गर्न तथा प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(ग) नदीको सतह बहावको धार परिवर्तन गर्न,

(घ) भू-क्षय हुने कुनै काम गर्न,

(ङ) माटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(च) जलीय जैविक विविधताको बास स्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न,

(छ) तोकिए बमोजिमका अन्य कार्यहरु ।

**३६. जलचरको संकलन तथा बिक्री वितरण**: (१) समूहले यस ऐन, यस ऐन अर्न्तगत बनेको नियमावली, यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेश र विधानमा ब्यवस्था भए बमोजिम मात्र माछा र अन्य जलचर संकलन तथा बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माछा लगायत अन्य जलचर संकलन गर्ने कार्यका साथ साथै उक्त नदी क्षेत्र वा तालमा समूहले संरक्षण, पुनरुत्थान, र स्तरोन्नतीका कार्य समेत गर्नु पर्नेछ ।

**३७. सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनुपर्ने** : (१) सदस्यता शूल्क निर्धारण गर्दा समूहका एकल महिला, दलित, यौनिक तथा लैङ्गिक अल्पसँख्यक, जेष्ठ नागरिक, आदिबासी जनजाति असहाय तथा विपन्न घर धुरी सदस्यले समेत बेहोर्न सक्ने मनासीव रकम मात्र तोक्नु पर्नेछ ।

(२) समूहले राउटे समुदायका सदस्यलाई निशूल्क सदस्यता प्रदान गर्नु पर्नेछ ।

(३) समूहले सेवा शूल्क निर्धारण गर्दा समूहका घरधुरी सदस्यले संकलन गर्ने माछाको बजार मूल्यको कम्तिमा तीन प्रतिशत र बढीमा सात प्रतिशत सम्म सेवा शूल्क निर्धारण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजीम निर्धारण गरेको सेवा शूल्क प्रत्येक सदस्यले भूक्तानी गरे पछी मात्र निजले संकलन गरेको माछा बिक्री वितरण गर्नु पर्नेछ ।

**३८. विधानमा संशोधनः** (१) समूहले समुहको विधानको संसोधन गर्नु पर्ने भएमा संसोधन सम्बन्धी प्रस्ताव समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णयबाट पारित गराई सो बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम समूहले विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर वा जलीय जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

**३९. नविकरण गराउनु पर्नेः** (१) समूहले प्रत्येक दुई-दुई वर्षमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा समुहको नविकरण गराउनु पर्ने छ ।

**४०. सामुदायिक नदी वा ताल फिर्ता लिन सकिनेः** (१) दफा २४ बमोजिम सुम्पिएको सामुदायिक नदी वा तालमा समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर, जलीय जैविक विविधता वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेश बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा गाउँपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिनसक्नेछ ।







(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक नदी वा ताल फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेमा सफाई सन्तोषजनक पाइएको समूहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र समूहको विधानको पूर्णतः पालना गर्ने कागज गराई समूहको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिने छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समूहको कार्य समितिका पदाधिकारी वा सदस्यहरुले समूहको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन अर्न्तगत बनेको नियमायली वा समूहको विधान विपरीत कुनै काम कारबाही गरेको भनी समूहको वा अरु कसैको उजुरी परी कसुर प्रमाणित भएमा त्यस्ता पदाधिकारीलाई र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा पच्चिस प्रतिशत थप जरिवाना हुनेछ ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्न समुहलाई निरन्तरता प्रदान गरेकोमा सो समुहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा गाउँपालिकाले निर्णय गरी समुहको दर्ता खारेज र सामुदायिक नदी वा ताल फिर्ता लिन सक्नेछ ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहका पदाधिकारीहरुले समूहको हितको नाममा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा यस ऐन वा नियमावली अर्न्तगत जारीभएको आदेश वा विधान विपरित कुनै काम कारबाही गरेमा निजलाई यस ऐन बमोजिम जरिवाना गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**४१. सामुदायिक नदी तथा ताल पूनः सुम्पन सकिनेः** दफा ४० को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायिक नदी, खोला, ताल तथा तलैया दफा ५४ बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकाले साविककै समूहलाई पुनः सुम्पनुपर्नेछ ।

**४२. विधान विपरित काम गर्नेलाई दण्ड जरिवाना:** (१) सामुदायिक नदी वा तालमा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) समूहको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त समूहको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ ।

**४३. जलीय जैविक विविधता तथा सामुदायिक नदी वा ताल संरक्षणको लागि खर्च गर्नु पर्ने:** समूहले विधान बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तिमा चालिस प्रतिशत रकम सामुदायिक नदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा, कम्तीमा पैतिस प्रतिशत समूहका विपन्न तथा गरीबीका रेखामुनी रहेका सदस्यलाई टेवापुग्ने र महिला सशक्तिकरणमा र बाँकीरहेको रकम समूहको हितको लागि विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

**४४. सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्ने** : साधारण सभाको निर्णय बमोजिम समूहले गाउँपालिकाको पूर्व अनुमति लिई विधानको अधिनमा रही जलचर र जलीय जैविक विविधतामैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम सामुदायिक नदी वा तालमा सञ्चालन गर्न सक्नेछ ।

**४५. नयाँ सदस्यसँग बढी सदस्यता शुल्क लिन नमिल्ने:** अंश वण्डा भई, बसाईसराई गरी वा अन्यकुनै किसिमले सामुदायिक नदी क्षेत्रभित्र बसोवास गर्न आउने नयाँ घरधुरीले समूहको सदस्यता प्राप्त गर्न निवेदन दिएमा त्यस्ता घरधुरीलाई समूहको कार्यसमितिले सदस्यता शूल्कबापत समुहको विद्यमान सदस्यता शुल्कमा बढीमा पच्चिस प्रतिशतसम्म मात्र थप सदस्यता शुल्कलिई समूहको सदस्यता प्रदान गर्नु पर्नेछ ।







## परिच्छेद-५
## कसुर तथा जरिवाना

**४६. कसुर:** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ :-

(क) कुनै व्यक्तिले कुनै नदी वा तालमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले त्यस्तो नदी वा तालमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ, विषालु पदार्थको प्रयोग गर्ने वा डोजर जस्ता मेसिनको प्रयोग गरी नदि वा तालको धार वा बहाव परिवर्तन गरेमा,

(ख) जलचर समाउने वा मार्ने अभिप्रायले कर्णाली नदिमा जालको प्रयोग गर्दा जालको आँखा (घर) को आकार (साइज) बाह्र दशमलव दुई पाँच सेन्टिमिटर (एक सय पचिस मिलिमिटर) भन्दा ठूलो प्वाँल भएको र सात दशमलबपाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा सानो प्वाँल भएको जाल, चेउँदी (चौंदी), जाल, माहाजाल, तथा करेण्ट जाल (गिल नेट) प्रयोग गरेमा वा जलचर समाउने वा मार्ने अभिप्रायले कर्णाली नदीमा तिहारी जाल वा सरेल (झरेल) को प्रयोग गरेमा,

(ग) लोहोरेखोला वा तालतलैयामा जलचर समाउने वा मार्ने अभिप्रायले समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) क्रमशः दुई सेन्टिमिटर (बीस मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र तीन सेन्टिमिटर (तीस मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) तथा पराजुली, पातले तथा रती, हनेटी, पिर, झुँज, उगाडा, पिलाडि, ठुलो काले, पातल, मैना तथा गर्चेखोला जस्ता खोलामा जलचर समाउने वा मार्ने अभिप्रायले समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) एक दशमलव पाँच सेन्टिमिटर (प्रन्ध मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र दुई  सेन्टिमिटर (बिस मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, चौथींजाल (महाजाल) तथा करेण्ट जाल (गिल नेट) वा मच्छर झुल, तिहारी जाल वा सरेल (झरेल) को प्रयोग गरेमा,

(घ) जलचर वा माछा संकलन गर्न, पक्रन वा मार्न वा अन्यकुनै प्रयोजनका लागि डोजर, एक्साभेटर जस्ता उत्खनन् गर्ने मेसिनको प्रयोग गरी नदी वा खोलाको धार परिवर्तन गरेमा,

(ङ) गाँउपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जालको आँखाको आकार भन्दा आँखा (घर) ठूलो वा सानोसाइज भएको जाल, चौथीं (चौंदी) जाल, महाजाल,वा करेण्ट जाल पैठारी वा खरिद बिक्री गरेमा,

(च) कसैले पनि कर्णाली नदी र यसका सहायक खोला वा अन्य खोलामा ओत समातेमा पक्रेमा वा मारेमा,

(छ) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा रहेको मत्स्यभऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुनेमा वा भत्काएमा,

(ज) तोकिएका जातिका जलचरलाई कुनैपनि व्यक्तिले समातेमा, मारेमा, चोट पूऱ्याएमा वा क्षति पूऱ्याएमा,

(झ) गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको सामुदायिक नदी वा तालमा कुनैपनि व्यक्तिले जलचरहरु समात्न, मार्न वा चोट पुऱ्याउन नपाउने गरी जारी गरेको सूचनाको उलंघन गरेमा,

(ञ) दफा ५ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले मत्स्य भऱ्याङ्ग निर्माण नगरेमा वा जलचर हयाचरी वा जलचर नर्सरीको व्यवस्था नगरेमा,

(ट) दफा ६ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले नदीको प्रवाहको बीस प्रतिशत न्यूनतम वातावरणिय बहाव कायम नगरेमा,

(ठ) कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी रसाएर (लिचेट) वा ढलनदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गरेमा वा नदि, खोला र तालमा कुनै किसिमको कार, जिप, वस, डोजर, जेसिवी, ट्रक, ट्याक्टर जस्ता सवारी साधनबाट निस्कने डिजेल, पेट्रोल, ग्रीज, मोविल जस्ता पदार्थ फालेमा, विर्सजन वा निस्कासन वा पिकनिक स्थल, होटल, पार्टी पैलेस जस्ता कार्य वा व्यवसाय गरी नदी वा ताल प्रदूषित गरेमा,

(ड) तालतलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, भिङ्गे माछा, शंखे किरा लगायत अन्य जलचर नदी, खोला, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, वा दहमा छाडेमा वा निस्कासन गरेमा,







(ढ) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, भिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पूऱ्याएमा वा क्षति पूऱ्याएमा ।

(ण) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा ।

(त) वातावरणीय व्यवस्थापन योजना तर्जूमा नगरेमा, सो योजना कार्यपालिकाबाट स्वीकृत नगराएमा वा स्वीकृत योजनाको कार्यान्वयन नगरेमा ।

**४७. जरिवाना:** (१) दफा ४६ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटकभए पाँचहजार रुपैयाँ देखि सात हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा दशहजार रुपैयाँ र तेस्रो वा सो भन्दाबढी पटक सोही कसूर गरेमा प्रत्येक पटकको लागि पच्चिस हजार रुपैयाँका दरले जरिवाना हुनेछ ।

(२) दफा ४६ को खण्ड (ख) र (ग) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतबाट पहिलो पटकभए तीन हजार रुपैयाँ देखि पाँचहजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँचहजार रुपैयाँदेखि दशहजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्रहजार रुपैयाँ जरिवाना हुनेछ ।

(३) दफा ४६ को खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतबाट पहिलो पटक भए दशहजार रुपैयाँ जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा विसहजार रुपैयाँ देखि पचिस हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सो भन्दा बढीपटक गरेमा प्रत्येक पटकको लागि तीसहजार रुपैयाँ जरिवाना हुनेछ ।

(४) दफा ४६ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक पाँचहजार रुपैयाँदेखि दशहजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पन्ध्र हजार रुपैयाँ जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दाबढी पटक गरेमा प्रत्येक पटकको लागि पचिस हजार रुपैयाँ जरिबाना हुनेछ ।

(५) दफा ४६ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पहिलो पटक भए पचास हजार रुपैयाँ जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा

एक लाख रुपैयाँ जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दुई लाख रुपैयाँ जरिबाना हुनेछ।

(६) दफा ४६ को खण्ड (छ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पचास हजार रुपैयाँदेखि तीनलाख रुपैयाँसम्म जरिबाना हुनेछ।

(७) दफा ४६ को खण्ड (ज) र (झ) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक भए दुइहजार देखि चारहजार रुपैयाँ सम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँचहजार रुपैयाँदेखि सातहजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढीपटक गरेमा प्रत्येक पटकको लागि दशहजार रुपैयाँदेखि पन्ध्रहजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(८) दफा ४६ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नेपाल सरकारसँग अनुमतिलिई बाँध निर्माण गरेको अवस्थामा नेपाल सरकारसँग र कर्णाली प्रदेश सरकारबाट अनुमति प्राप्त गरी बाँध निर्माण गरेको भए कर्णाली प्रदेश सरकारसँग कार्यपालिकाले सो बाँध निर्माण गर्ने निकायलाई मत्स्य भऱ्याङ निर्माण गर्न वा ह्याचरी वा जलचर नर्सरीको निर्माण गरी सञ्चालन गर्न गराउन पत्राचार गर्ने।

(९) दफा ४६ को खण्ड (ट) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पहिलो पटक एक लाख, दोश्रो पटक तिनलाख, तेश्रो पटक नौ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमतिपत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने।

(१०) दफा ४६ को खण्ड (ठ) बमोजिमको कसूर गर्ने व्यक्ति विशेषको हकमा प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक पाँचसय रुपैंयाँ, दोश्रो पटक एकहजार रुपैयाँ, तेश्रो पटक एकहजार पाँचसय रुपैयाँ र सोही कसूर चौथो वा सोभन्दा बढीपटक गरेमा प्रत्येक पटकको लागि दुईहजार रुपैयाँका दरले जरिबाना हुनेछ र सो कसुर कुनै उद्योग, व्यवसाय, कम्पनी, कलकारखाना वा अन्य संघसंस्थाले गरेको भए पहिलो पटक दुईहजार रुपैयाँ, दोश्रो पटक तीनहजार रुपैयाँ, तेश्रो पटक पाँचहजार रुपैयाँ र सोही कसूर चौथो वा सोभन्दा बढीपटक गरेमा प्रत्येक पटकको लागि दशहजार रुपैयाँका दरले जरिबाना हुनेछ।







(११) दफा ४६ को खण्ड (ड) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतले पहिलोपटक पाँचहजार रुपैयाँ, दोश्रोपटक दशहजार रुपैयाँ, तेश्रो पटक बीसहजार रुपैयाँ र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पच्चीसहजार रुपैयाँका दरले जरिवाना हुनेछ।

(१२) दफा ४६ को खण्ड (ढ) बमोजिमको कसूर गर्नेलाई प्रमुख प्रशासकीय अधिकृतबाट पहिलो पटक दुई हजार रुपैयाँ, दोश्रोपटक चारहजार रुपैयाँ, तेश्रो पटक छ हजार रुपैयाँ र सोही कसूर चौथो वा सोभन्दा बढीपटक गरेमा प्रत्येक पटकको लागि नौ हजार रुपैयाँका दरले जरिवाना हुनेछ।

(१३) दफा ४६ को खण्ड (ण) र (त) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले सात लाख रुपैयाँदेखि दसलाख रुपैयाँसम्म जरिवाना गर्नेछ।

**४८. पुरस्कार दिने:** (१) यस ऐन विपरित कसूर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुर दारलाई हुने जरिवानाको पैंतिस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ।

(३) जलचर तथा जलीय जैविक विविधताको संरक्षण र दिगो उपयोगमा उत्कृष्ट योगदान पुऱ्याउने समुहलाई कार्यपालिकाले तोकिएको रकम सहित अन्य पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

**४९. अनुसन्धान अधिकृत तोक्ने:** यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न गाउँपालिकाले कम्तीमा पाँचौतहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ।

**५०. कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी:** (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

**५१. प्रचलित कानून बमोजिम सजाय हुने**: यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**५२. पुनरावेदन दिन सकिने**: दफा ४० बमोजिम गाउँपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा ४७ बमोजिम कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतले गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**५३. जलचर र तत्सम्बन्धी औजार, मालवस्तु कब्जा गर्न सक्ने**: (१) जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति सम्बन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति र सो कसूरसँग सम्बन्धित औजार वा हतियारलाई गाउँपालिकाका कर्मचारी वा प्रहरी वा समूहको पदाधिकारीले कब्जा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारी वा समूहको पदाधिकारीले सो कब्जा गरिएको औजार, मालवस्तुको विवरण खोली कम्तीमा तीनजना व्यक्तीको रोहवरमा बरामदी मुचुल्का तयार गरी त्यस्तो मालमा खास चिन्हलगाई नापजाँच गरी सकभर चाँडो वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको औजार, हतियार, मालवस्तु, इत्यादि कार्यपालिकाको आदेश उपर पुनराबेदन नपरेमा पुनराबेदनको म्याद सकिएपछि र पुनराबेदन परेको अवस्थामा जिल्ला अदालतको फैसला अनुरुप नष्ट गर्नु पर्नेछ ।







## परिच्छेद-६
## विविध

**५४. विशेष प्रजाति संरक्षण गर्न कार्यक्रम सञ्चालन गर्न सक्ने**: (१) कार्यपालिकाले ओत, कछुवा, जलेवा जस्ता जलचर र जलमा आश्रित जलीय जीवको संरक्षण तथा सम्बर्द्धन गर्न विशेष कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले सम्बन्धित नदी वा तालमा विभिन्न जातका रैथाने माछाका भुराको संचिति बढाउनका लागि विभिन्न जातका रैथाने माछाका भुरा कृत्रिम रुपमा प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गरी कृत्रिम रुपमा प्रजनन गराई वा अन्यत्रबाट विभिन्न जातका रैथाने माछाका भुरा खरिद वा अरु कुनै किसिमले व्यवस्था गरी नदी वा तालमा रैथाने जातका माछाका भुराहरु छाड्न सक्नेछ ।

**५५. रैथाने माछा पालन कार्यक्रम सञ्चालन गर्न सक्ने**: (१) कार्यपालिकाले विभिन्न जातका रैथाने माछा सम्बर्द्धन गर्न रैथाने माछा पालनका लागि विशेष कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) रैथाने माछा पालनलाई बढवा दिने उदेश्यले गाउँपालिकाले कृषक वा माछापालकलाई विभिन्न जातका रैथाने माछाका भुरा उपलब्ध गराउनका साथै आंसिक अनुदान तथा आवश्यक उपकरण समेत प्रदान गर्न सक्नेछ ।

(३) रैथाने माछापालनलाई चाहिने आवश्यक प्राविधिक सहयोग प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक प्राविधिक व्यवस्था गर्न सक्नेछ ।

**५६. पालेको आयातित वा मिचाहा प्रकृति वा प्रजातिका जलचर नदी वा तालमा निष्कासन गर्न प्रतिबन्ध**: (१) ताल, तलैया, पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित वा मिचाहा प्रकृति वा प्रजातिका माछा, झिङ्गे माछा, शंखे किरा लगायत अन्य जलचर नदी वा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सिमसारमा छाडन वा निष्कासन गर्नु हुँदैन ।

***स्पष्टीकरण:*** यस दफाको प्रयोजनको लागि "निष्कासन" भन्नाले माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राख्नु, राखेको माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर जम्मा गरेको वा पालेको वा कुनै हिसावले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर नदी वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ ।

(२) कुनै निकाय, संगठित संघ संस्था वा व्यक्ति विशेषले माछा पालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डिल जमिनको सतहमाथि साधारणतया कम्तीमा पनि एक दशमलव पाँचमिटर अग्लो हुनु पर्ने छ ।

(३) स्थानीय वा अन्य मुलुकबाट आयातित मिचाहा प्रकृतिका वा प्रजातिका जलीय झार, विरुवा, रुख लगायत अन्य वनस्पती नदी वा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सिमसारमा छाडन वा निस्कासन गर्न वा गराउन हुँदैन ।

**५७. पारिस्थितिकीय सेवा वापतको भुक्तानी सम्बन्धि व्यवस्था गर्न सक्नेः**

(१) गाउँपालिकाले पारिस्थितिकीय सेवाको व्यवस्थापन र उपयोग वापतको भुक्तानी सम्बन्धी नीति, आयोजना, परियोजना तथा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

(२) समूहले पारिस्थितिकीय सेवाको व्यवस्थापन वापतको भुक्तानी सम्बन्धी आयोजना, परियोजना वा स्किमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

**५८. अधिकार प्रत्यायोजनः** गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५९. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**६०. नियमावली वनाउन सक्नेः** यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

**६१. कार्यविधि वा निर्देशिका वनाउन सक्नेः** यो ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**६२. बचाउः** यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित कानून बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।







## अनुसूची-१
**(दफा २४ को उपदफा (५) सँग सम्बन्धित)**
**सामुदायिक जलचर संरक्षण समूहको दर्ताको लागि दिइने निवेदन**

श्री अध्यक्ष ज्यू
गुराँस गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख जिल्ला ।

**विषयः सामुदायिक जलचर संरक्षण समूह दर्ता गरिदिने बारे ।**

गुराँस गाउँपालिकाको जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन,२०८० को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक
.................. सामुदायिक जलचर संरक्षण समूहको तर्फबाट

| क्र. सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |

मितिः............................

## अनुसूची-२
(दफा २४ को उपदफा (६) सँग सम्बन्धित)
**समूह दर्ताको प्रमाणपत्रको नमूना**
**गुराँस गाउँ कार्यपालिकाको कार्यालय**
दैलेख जिल्ला

दर्ता नं. :- मितिः-

**समूह दर्ताको प्रमाणपत्र**

श्री..........................................सामुदायिक जलचर संरक्षण समूह ...........................

यस गाउँपालिकाको मिति.......................... को निर्णय अनुसार जलचर तथा जलीय जैविक विविधता संरक्षण ऐन, २०८० ले दिएको अधिकार प्रयोग गरी .............. ....... .....सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायीक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामना का साथ यो प्रमाणपत्र दिइएको छ ।

**पालना गर्नुपर्ने विशेष शर्तहरुः**

१.
२.
३.

...............................सामुदायिक जलचर संरक्षण समूहको विवरणः
सामुदायिक जलचर संरक्षण समूहको क्षेत्र
घर धुरीको संख्याः-
कुल जनसंख्याः-

प्रमाणपत्र दिने अधिकृतको
नामः-
दर्जाः-
दस्तखतः-
मितिः-

**द्रष्टव्यः-** यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैंयाँ दस्तुर लाग्नेछ ।

आज्ञाले
**दिनेश दाहाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**





जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८०

गुराँस गाउँपालिका, दैलेख